ज्योति विकास बैंक लिमिटेडको

नवौं वार्षिक साधारण सभामा भएको कामकारवाहीको विवरण (माइन्यूट)

यस ज्योति विकास बैंक लि.का सञ्चालक समिति अध्यक्ष श्री ध्रुव कोइरालाज्यूको अध्यक्षतामा मिति २०७३।०९।२८ गते ( तदनुसार १२, जनवरी, २०१७) विहिवार विहानको ११:०० बजे देखि राती १०:०० बजे सम्म नेपाल प्रज्ञा प्रतिष्ठान, कमलादी, काठमाण्डौंमा बसेको बैंकको नवौं वार्षिक साधारण सभाको कामकारवाहीको विवरण (माइन्यूट) देहाय वमोजिम रहेको छ ।

साधारण सभामा उपस्थिति, छलफलका बिषयसूची, सूचना प्रकाशन, गणपुरक संख्या, सभाको बैधानिकता र अध्यक्षता, सभा संचालन तथा प्रतिवेदन प्रस्तुती, छलफलमा सहभागिता, छलफलका क्रममा व्यक्त गरिएका मन्तव्य, प्रश्नोत्तर, सभाको निर्णयहरु तथा अन्य काम कारवाहीको विवरण समेतको निर्णय पुस्तिका (माइन्यूट) देहाय बमोजिम रहेको छ ।

१. उपस्थितिः

(क) सञ्चालकहरुको उपस्थितिः

| | |
|---|---|
| १) श्री ध्रुव कोइराला | - संचालक अध्यक्ष |
| २) श्री राम कुमार श्रेष्ठ | - संचालक सदस्य |
| ३) श्री हरिचन्द्र खड्का | - संचालक सदस्य |
| ४) श्री हरि प्रसाद आचार्य | - संचालक सदस्य |
| ५) श्री नारायण प्रसाद पौड्याल | - संचालक सदस्य |
| ६) श्री पंकज न्यौपाने | - संचालक सदस्य |
| ७) श्री जगदीश्वर प्रसाद अधिकारी | - विशेषज्ञ संचालक सदस्य |

(ख) अन्य पदाधिकारीहरुको उपस्थितिः

| | | |
|---|---|---|
| १) | श्री कृष्ण बहादुर कुँवर | प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री मनोज कुमार ज्ञवाली | नायव प्रमुख कार्यकारी अधिकृत |
| २) | श्री हेमराज रानाभाट | नायव महाप्रवन्धक |
| ३) | श्री मदन कुमार महत | कम्पनी सचिव/प्रमुख-कानून विभाग |
| ४) | श्री बिजयराम आचार्य | लेखा विभाग प्रमुख |
| ५) | श्री उमा श्रेष्ठ | आन्तरिक लेखा परीक्षण विभाग प्रमुख |
| ६) | श्री खेमराज खत्री | प्रतिनिधि- कम्पनी रजिष्ट्रारको कार्यालय |
| ७) | श्री दिपेश ताम्राकार | प्रतिनिधि- नेपाल धितोपत्र बोर्ड |

(ग) शेयरधनीहरुको उपस्थीत:

१) उपस्थित शेयरधनीहरुको संख्या

| | | | |
|---|---|---|---|
| (क) | शेयरधनी स्वयंबाट | ५५९ | जना |
| (ख) | प्रतिनिधि (प्रोक्सी) बाट | २,३६७ | जना |
| २) | शेयरको प्रतिनिधित्व संख्या | ७४,४५,३१९ | कित्ता |
| ३) | शेयर संख्याको प्रतिनिधित्व प्रतिशत | ७५ प्रतिशत | |

(घ) यस सभाको लागि ५५,५३९ (भौतिक र अभौतिक शेयरका आधारमा) जना शेयरधनीहरु सभामा सहभागी हुन योग्य थिए ।

२. छलफलका विषयहरु:

(क) सामान्य प्रस्ताव

(१) सञ्चालक समितिको आ.व. २०७२/०७३ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तसम्मको हाल मर्जर पश्चात कायम ज्योति विकास बैंक लि. र साविक झिमरुक विकास बैंक लि. को वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७२/०७३ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण छलफल गरि स्वीकृत गर्ने ।

(३) आर्थिक बर्ष २०७३/०७४ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने । (हालका लेखा परीक्षक पिएम एण्ड एशोसियटस्का तर्फबाट सि ए श्री पारसमणि अर्याल, कमलपोखरी, काठमाण्डौं, नियुक्तिका लागि योग्य हुनुहुन्छ)

(४) मर्जर पश्चात विकास बैंकको नियमावली अनुसार संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्न संचालक पद ५ र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्न संचालक पद ३ को लागि निर्वाचन गर्ने ।

ख) विशेष प्रस्ताव

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ११.७०% बोनस शेयरका लागि प्रस्ताव गरेको मर्जर पश्चात कायम ज्योति विकास बैंक लि. को रु. १०,८०,४६,७३२।- र साविक झिमरुक विकास बैंक लि.को रु.६८,६७,९००।- लाई पारित गर्ने तथा उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई नपुग रकम थप गराई पूर्ण अंक गरी समायोजन गर्ने ।

२) चुक्ता पुँजीको ११.७०% बोनस शेयर जारी भए पश्चात कायम हुने शेयर पूँजीमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पुँजी बृद्धि गर्न १:१ (एक अनुपात एक) हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने ।

३) यस विकास बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरुसंग गाभ्ने वा गाभिने (मर्जर) सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ती (Assets) र दायित्व (Liabilities) मूल्यांकन (Due Diligence Audit) गर्न मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने वा गाभिने (मर्जर) सम्बन्धमा प्रचलित ऐन कानून बमोजिम

गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई गत वर्षको साधारण सभाबाट दिइएको अख्तियारीलाई निरन्तरता प्रदान गर्ने ।

४) यस विकास बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरुलाई प्राप्ति गर्ने (एक्विजिसन) सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ती (Assets) र दायित्व (Liabilities) मूल्यांकन (Due Diligence Audit) गर्न मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत प्राप्ती (एक्विजिसन) गर्न प्रचलित ऐन कानून बमोजिम गर्नु पर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ११.७०%बोनस शेयर र तत्पश्चात जारी गरिने १:१ (एक अनुपात एक) हकप्रद शेयर पश्चात कायम हुने जारी पूँजी र चुक्ता पूँजी अनुसार विकास बैंकको प्रवन्ध पत्र, नियमावलीमा संसोधन गर्ने सम्वन्धी । (भिन्न अंक (Fraction) लाई रकम थप गराई हुन आउने एक कित्तामा परिणत गरी समायोजित रकम साधारण शेयरमा विभाजन गरी जारी तथा चुक्ता पूँजी कायम गरिने छ ।)

ग) विविध ।

३. सूचना प्रकाशन:

सञ्चालक समितिको मिति २०७३ साल पुष १ गते शुक्रवार (तद्नुसार Friday 26th. December, 2016) मा बसेको २५९ औं बैठकको निर्णयानुसार तथा कम्पनी कानूनमा भएको ब्यवस्था बमोजिम यस ज्योति विकास बैंकको नवौं वार्षिक साधारण सभा मिति २०७३।०९।२८ गते (तदनुसार १२, जनवरी, २०१७) मा वस्ने सूचना तथा बार्षिक प्रतिबेदन शेयरधनी महानुभावहरुको ठेगानामा पठाइएको, मिति २०७३।०९।०३ गते तथा मिति २०७३।०९।०७ गतेको 'कारोबार' राष्ट्रिय दैनिकमा साधारण सभाको जानकारी सम्वन्धी सूचना प्रकाशित गरिएको थियो साथै बैंकको Web Site मा सभा सम्बन्धी विवरणहरु राखिएको थियो ।

४. गणपुरक संख्या:

| विवरण | कुल संख्या | स्वयं उपस्थित | प्रतिनिधी मार्फत (प्रोक्सी) | जम्मा उपस्थिति | प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| शेयरधनी संख्या | ५५५३९ (भौतिक तथा अभौतिक शेयरका आधारमा) | ५५९ | २३६७ | २९२६ | ५.२७ |
| शेयर संख्या | ९८,७०,२६३.४० | ४३,१६,९२९ | ३३,२८,३९० | ७४,४५,३१९ | ७५ |

५. सभाको बैधानिकता तथा अध्यक्षता:

कम्पनी सचिव मदन कुमार महतले उपस्थित शेयरधनी महानुभावहरुलाई विकास बैंकको तर्फबाट स्वागत गर्दै कम्पनी ऐन, २०६३ को दफा ७३ तथा विकास बैंकको नियमावलीको नियम २३ बमोजिम शेयरधनीहरुको उपस्थिति र गणपुरक संख्या पर्याप्त रहेको ब्यहोरा सभालाई अवगत गराउनु भयो र वैधानिक प्रकृया पुरा भएकोले सभाको

JYOTI BIKASH BANK LTD. KAMALADI, KATHMANDU

अध्यक्षता ग्रहण गर्न संचालक समितिका अध्यक्ष श्री ध्रुव कोइरालाज्यूलाई अनुरोध गर्नु भयो र अध्यक्षज्यूले सभाको अध्यक्षता ग्रहण गर्नुभयो ।

कम्पनी सचिवले विकास बैंकको वर्तमान संचालक समितिका सदस्यहरु तथा प्रमुख कार्यकारी अधिकृतज्यू लगायतका पदाधिकारीज्यूहरुलाई आसन ग्रहण गराउनु भयो ।

६. सभा संचालन तथा प्रतिवेदन प्रस्तुतिः

कम्पनी सचिवले सभाको शुरुवात गर्न सभाका सभाध्यक्षज्यूलाई अनुरोध गर्नु भयो । सभाध्यक्षज्यूले सर्वप्रथम सम्पूर्ण शेयरहोल्डर महानुभावहरुलाई ज्योति विकास बैंक लि. को नवौं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्दै संचालक समितिको तर्फबाट आ.ब. २०७२/७३ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो ।

तत्पश्चात सभा समक्ष सञ्चालक समितिको प्रतिवेदन (ज्योति विकास बैंक र साविक झिमरुक विकास बैंक समेत) सहितको बैंकको आ.ब. २०७२/७३ को लेखा परिक्षकको प्रतिवेदन, वासलात, नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण छलफलका लागि प्रस्तुत गरी सो उपरको छलफलमा भाग लिन तथा यस बैंकको कारोवार सम्वन्धी विविध पक्षहरुमा आफ्नो विचार मन्तब्य तथा जिज्ञासाहरु ब्यक्त गर्नको लागि शेयरधनी महानुभावहरुलाई अनुरोध गरियो ।

७. छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरु : छलफलका कममा निम्न शेयरधनी महानुभावहरुले आ-आफ्नो राय, जिज्ञाशा र सुझावहरु ब्यक्त गर्नु भयो ।

१) डमरु बल्लभ घिमिरे

- विगतका भन्दा अहिलेको प्रतिवेदन सकारात्मक रहेको छ ।
- समयमा साधारण सभा सम्पन्न भएको छ ।
- सम्मानजनक रुपमा ११.७०%वोनस शेयर र १:१ राइट शेयरले उत्साहित भएको छु ।
- १:१ हकप्रद शेयर स्वागत योग्य छ । हकप्रद शेयरमा डराउने होइनकी अवसरको रुपमा लिनु पर्दछ ।
- हकप्रद शेयर २/३ महिनामा सम्पन्न गर्नुहोस् ।
- कर्मचारीलाई उत्प्रेरण दिनुहोस र व्यवसाय वृद्धि गर्नुहोस ।
- वार्षिक प्रतिवेदनमा व्यवसाय वृद्धि अत्यन्त उत्साहजनक छ ।
- केन्द्रीय कार्यालयको ATM Office भित्र होइन वाटो हिडने ग्राहकले भेटने गरि वाटो छेउमा राख्नुहोस ।
- नेपाल राष्ट्र बैंकको निर्देशन बुंदाहरु उल्लेख्य रुपमा सुधार भएको देखियो ।

२) रोज कुमार श्रेष्ठ

- व्यवसाय वृद्धि सन्तोष जनक देखियो ।
- मुनाफा पनि १५ करोड पुगेको हुदाँ सन्तोष जनक रहेको ।
- पूँजी वृद्धिको सम्भावना राम्रो रहेको ।
- मर्जर राम्रो संस्थासँग भएको छ । मर्ज भएको संस्थाको हिसाव किताब वार्षिक प्रतिवेदनमा उल्लेख गर्नुभएको राम्रो कुरा हो । राम्रै संस्थासंग मर्ज भएको आभास भएको छ ।
- वार्षिक प्रतिवेदन हतारमा प्रकाशित गरिएकोले चालु आ.व. को प्रगति छुटेको छ ।

- समयमै हकप्रद शेयर जारी गरी आफ्नो लक्ष्य पूरा गर्नुहोस ।

३) अमिर दाश रंजित

- उचित प्रतिफल, समयमै साधारण सभा, पारदर्शी सूचना हुनुपर्ने । प्रतिफल राम्रो छ ।
- साधारण सभा भएको छ तर प्रतिवेदन प्राप्त भएको छैन ।
- मर्जको कारण डिभिडेन्ड कर छुटले फाइदा भएको छ ।
- अध्यक्षको मन्तव्य छुट्टै राख्दा राम्रो हुने ।
- हालसम्मको प्रगति समावेश गरेको भए अझै राम्रो हुने ।
- यो वर्ष राम्रो गर्नु भएको छ ।
- Dividend consistant policy बैंकले बनाउनु पर्यो ।

४) पदम प्रकाश थुलुङ्ग

- शेयर बजारको मूल्य हेर्ने हो भने हाम्रो मूल्य कम रह्यो । के कारणले मूल्य कम भयो हेर्नु पर्यो ।
- सवै मिलेर संस्था अघि बढाउनुस ।
- आज हुने संचालक निर्वाचनबाट आफ्नो पैसा लगानी गर्ने ठूला संस्थापक तथा professional मान्छे आउनुस ।

५) राम शंकर चौधरी

- प्रतिवेदन समयमा पाउने व्यवस्था होस ।
- जलेश्वरमा शाखा छैन एउटा वाणिज्य वैंक मात्रै छ । एक पटक हेरेर जलेश्वरमा शाखा खोल्नु पर्यो ।

६) हरि प्रसाद सुवेदी

- बोनश शेयर दिएकोमा धन्यवाद ।
- २.५ अर्व पुर्याउन १:१ को हकप्रद शेयर अपरझट आएको झै लाग्छ । १:१ पछिको वैंकको व्यवसाय के हुने ?
- ४०:६० को हकप्रद शेयरलाई ४९:५१ को रेसियोमा ल्याएर मात्र हकप्रद जारी गर्ने की ?

७) नारायण सुन्दर श्रेष्ठ

- मर्जर /एक्विजिशनले समस्याहरु आाउन सक्ने कारणले पनि हकप्रद र वोनसबाट जाँदा राम्रो ।
- Capital plan सँगै व्यवसायिक योजना वृद्धिको कुरा प्रतिवेदनमा उल्लेख भएको भए राम्रो हुने थियो ।
- कम्पनी वलियो वनाई शेयर धनिलाई सहज बनाउनु पर्यो ।
- कमाएको २% थप संचित नाफा गर्दा राम्रो ।
- नाफा अझै बढाउन लाग्नु पर्ने । खर्च कटौतीमा ध्यान दिनु पर्ने ।

८. शेयरधनी महानुभावहरुले प्रस्तुत गर्नु भएको राय, जिज्ञासा, मन्तव्य तथा सुझावहरु एवं सभाध्यक्षज्यू स्वयम् र सभाध्यक्षज्यूको अनुमतिले प्रमुख कार्यकारी अधिकृतको जवाफ:

अध्यक्ष ध्रुव कोइराला-

- टिप्पणीका लागि शेयरधनी महानुभावहरुका लागि धन्यवाद् प्रदान गर्न चाहान्छु ।
- प्रतिवेदन समय मै पठाउन पहल गर्नेछौं ।
- हकप्रद शेयर जारी पश्चात पनि Dividend बृद्धि हुने जानकारी गराउँदछौं ।
- गुणस्तरीय सेवा, हाँसेर सेवा प्रदान गर्न कर्मचारीहरुलाई तालिमको व्यवस्था गर्ने छौं ।
- केन्द्रीय कार्यालयमा रहेको ATM लाई व्यवस्थित गर्न अध्ययन गरिने छ ।
- हाइड्रोपावरमा भएको ठुलो लगानी व्यवस्थित भैसकेको छ ।
- शेयर मूल्य घटबढ हुने सम्वन्धमा शेयर बजारले निर्धारण गर्ने हो ।

प्रमुख कार्यकारी अधिकृत कृष्ण बहादुर कुँवरः-

- प्राप्त सुझावहरुलाई विकास बैंकले शिरोधार्य गरी कार्यान्वयन गर्नेछ ।
- खराव कर्जा असूली तथा गैर बैकिंङ्ग सम्पत्ति बिक्रि प्रकृयाहरु अगाडी बढिरहेकोले बैंक स्वस्थ र मजवुत हुँदै गएको छ ।

९. प्रस्ताव माथि छलफल तथा निर्णयहरुः

क) सामान्य प्रस्ताव

१) सञ्चालक समितिको आ.व. २०७२/०७३ को वार्षिक प्रतिवेदन छलफल गरी पारित गर्ने ।

निर्णयः- सभाका अध्यक्षज्यूले प्रस्तुत गर्नु भएको सञ्चालक समितिको आ.व.२०७२/०७३ को वार्षिक प्रतिवेदन माथि छलफल गरी सर्वसम्मतिबाट पारित गर्न निर्णय भयो ।

(२) लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७२/०७३ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह विवरण छलफल गरि स्वीकृत गर्ने ।

निर्णयः- सभाका अध्यक्षज्यूले लेखापरीक्षकको प्रतिवेदन सहितको आ.व. २०७२/०७३ को वासलात, नाफा–नोक्सान हिसाव र नगद प्रवाह विवरण छलफल गरी पारित गर्ने प्रस्ताव सभामा प्रस्तुत गर्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिबाट पारित गर्ने निर्णय भयो ।

(३) आर्थिक बर्ष २०७३/०७४ को लागि लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

निर्णयः- बैंकको चालु आ.ब. २०७२/०७३ को लागि लेखापरीक्षकको नियुक्ती गर्ने र निजको पारिश्रमिक तोक्ने सम्वन्धी प्रस्ताव उपर छलफल पश्चात बैंकको आ.ब. २०७३/०७४ को हरहिसावको लेखापरीक्षण गर्नको लागि पिएम एण्ड एशोसियटस्का तर्फबाट सि ए श्री पारसमणी अर्याल, कमलपोखरी, काठमाण्डौंलाई

नियुक्ति गर्ने र निजलाई आ.ब. २०७३/०७४ को हरहिसावको लेखापरीक्षण शुल्क तथा Tax Audit समेतका लागि रु ५,००,०००/- (अक्षेरुपी पाँच लाख रुपैंया) पारिश्रमिक दिने निर्णय पारित गरियो ।

(४) मर्जर पश्चात विकास बैंकको नियमावली अनुसार संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्न संचालक पद ५ र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्न संचालक पद ३ को लागि निर्वाचन गर्ने ।

निर्णयः- मर्जर पश्चात विकास बैंकको नियमावली अनुसार संस्थापक शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्न संचालक पद ५ र सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्न संचालक पद ३ को लागि भएको निर्वाचनमा सर्वसाधारण शेयरधनीहरुको तर्फबाट संचालक समितिमा प्रतिनिधित्व गर्ने ३ जना संचालकहरुमा श्री नारायण प्रसाद पौड्याल, श्री गोकर्ण खतिवडा, र श्री ध्रुव कोइरालालाई निर्विरोध निर्वाचित हुनु भएको घोषणा प्रमुख निर्वाचन अधिकृत अधिवक्ता लिलामणि पौडेलले सभा समक्ष जानकारी गराउनु भएकोमा सभाले अनुमोदन गर्‍यो । त्यस्तै संस्थापकहरुको तर्फबाट ५ जना संचालकहरुका लागि भएको निर्वाचनमा श्री हरिचन्द्र खडकाले ८,१६,८५८ मत, श्री सन्तोष अधिकारीले ६,५५,२३१ मत, श्री मोहन बहादुर बस्नेतले ६,६९,३५२ मत, श्रीमती गोसाई के.सी. भण्डारीले ८,४०,९९९ मत, जयन्द्र श्रेष्ठले ५,०४,१८६ मत र श्री छत्रमान श्रेष्ठले ५,३२,६४० मत प्राप्त गर्नु भएकोमा प्राप्त मतका आधारमा बढी मत ल्याउने क्रमशः श्रीमती गोसाई के.सी. भण्डारी, श्री हरिचन्द्र खडका, श्री मोहन बहादुर बस्नेत, श्री सन्तोष अधिकारी र श्री छत्रमान श्रेष्ठ समेत ५ जनालाई ४ वर्ष अवधिका लागि सभाले निर्वाचित गरेको निर्वाचन परिणामको घोषणा प्रमुख निर्वाचन अधिकृत अधिवक्ता लिलामणि पौडेलले जानकारी गराउनु भएकोमा सभाले अनुमोदन गर्‍यो ।

ख) बिशेष प्रस्ताव

१) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ११.७०% बोनस शेयरका लागि प्रस्ताव गरेको मर्जर पश्चात कायम ज्योति विकास बैंक लि. को रु. १०,८०,४६,७३२।- र साविक झिमरुक विकास बैंक लि.को रु.६८,६७,९००।- लाई पारित गर्ने तथा उक्त अनुपातमा बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई नपुग रकम थप गराई पुर्ण अंक गरी समायोजन गर्ने ।

निर्णयः- बिशेष प्रस्ताव अन्तर्गत प्रस्ताव उपर छलफल गरी बैंकको संचालक समितिको बैठकले प्रस्ताव गरे बमोजिम मर्जर पश्चात कायम ज्योति विकास बैंक लि. को चुक्ता पूँजी रु. ९८,७०,२६,३४०।- मा ११.७०% बोनस शेयर प्रदान गर्ने प्रस्तावलाई पारित गर्ने तथा उक्त अनुपातमा बोनस शेयर जारी गर्दा छुट्याइएको रकम तत्कालीन झिमरुक विकास बैंकको शेयर समायोजन गर्दा हुन गएको रकममा नपुग भएमा संचित नाफाबाट खर्च गर्न सक्ने गरी संचालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने सर्वसम्मत निर्णय गरियो । उक्त अनुपातमा बोनस शेयर प्रदान गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई नपुग रकम थप गराई पुर्ण अंक गरी समायोजन गर्ने निर्णय पारित गरियो । बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई बोनस शेयर डिम्याट खातामा प्रविष्ट गर्दा वा हकप्रद शेयरको लागि आवेदन दिदाँ भिन्न अंक (Fraction) लाई नपुग रकम थप गर्दा नपुग रकम जम्मा गराई हिसाव मिलान गर्न व्यवस्थापनलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

२) चुक्ता पुंजीको ११.७०% बोनस शेयर जारी भए पश्चात कायम हुने शेयर पूँजीमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पुंजी बृद्धि गर्न १:१ (एक अनुपात एक) हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने ।

निर्णयः- बिशेष प्रस्ताव नं २ उपर छलफल गरी बैंकको चुक्ता पुंजीको ११.७०% बोनस शेयर जारी भए पश्चात बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई नपुग रकम थप गराई पुर्ण अंक गरी

समायोजन हुने शेयर पूँजीमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम पुँजी बृद्धि गर्न १:१ (एक अनुपात एक) हकप्रद शेयर जारी गर्न स्वीकृति प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

३) यस विकास बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरुसंग गाभ्ने वा गाभिने (मर्जर) सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्यांकन (Due Diligence Audit) गर्न मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत गाभ्ने वा गाभिने (मर्जर) सम्बन्धमा प्रचलित ऐन कानून बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई गत वर्षको साधारण सभाबाट दिइएको अख्तियारीलाई निरन्तरता प्रदान गर्ने ।

निर्णय:- सभाका अध्यक्षज्यूले सभा समक्ष विशेष प्रस्ताव अन्तर्गत यस ज्योति विकास बैंक लि. अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरुसंग गाभ्ने वा गाभिने (मर्जर वा एक्विजिसन) हुने सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्यांकन (Due Diligence Audit) गर्न मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत नाम परिवर्तन गर्नु पर्ने भएमा सो को लागि निर्णय गर्न, कर्मचारी व्यवस्थापनका लागि आवश्यक निर्णय गर्न, आवश्यक समिति, उपसमितिको गठन गर्न, अन्य जुनसुकै निकायबाट मर्जर सम्वन्धमा स्वीकृति लिनु पर्ने भएमा लिन, तथा मर्जर सम्वन्धमा प्रचलित ऐन कानून, नीति निर्देशन अनुसारका आवश्यक सम्पुर्ण कार्य गर्न र गाभ्ने वा गाभिने प्रयोजनका लागि प्रवन्धपत्र, नियमावली लगायत अन्य विषयमा संशोधन गर्नु परेमा अर्को साधारण सभाबाट अनुमोदन गराउने गरि संशोधन समेत गर्न सक्ने गरि साधारणसभाबाट गर्नु पर्ने सम्पुर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

४) यस विकास बैंक तथा अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरुलाई प्राप्ति गर्ने (एक्विजिसन) सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ति (Assets) र दायित्व (Liabilities) मूल्यांकन (Due Diligence Audit) गर्न मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत प्राप्ती (एक्विजिसन) गर्न प्रचलित ऐन कानून बमोजिम गर्नु पर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

निर्णय:- विशेष प्रस्ताव नं ४ उपर छलफल गरी यस विकास बैंकले अन्य कुनै बैंक तथा वित्तीय संस्थाहरुलाई प्राप्ति गर्ने (एक्विजिसन) सन्दर्भमा समझदारीपत्र (Memorandum of Understanding) तर्जुमा गर्ने, अन्य प्रक्रिया पुरा गरी सोमा हस्ताक्षर गर्ने, सम्पूर्ण चल अचल सम्पत्ती (Assets) र दायित्व (Liabilities) मूल्यांकन (Due Diligence Audit) गर्न मूल्यांकनकर्ता लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने लगायत प्राप्ती (एक्विजिसन) गर्न प्रचलित ऐन कानून बमोजिम गर्नु पर्ने सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने निर्णय सर्वसम्मतीबाट पारित गरियो ।

५) संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ११.७०%बोनस शेयर र तत्पश्चात जारी गरिने १:१ (एक अनुपात एक) हकप्रद शेयर पश्चात कायम हुने जारी पूँजी र चुक्ता पूँजी अनुसार विकास बैंकको प्रवन्ध पत्र, नियमावलीमा संसोधन गर्ने सम्वन्धी । (भिन्न अंक (Fraction) लाई रकम थप गराई हुन आउने एक कित्तामा परिणत गरी समायोजित रकम साधारण शेयरमा विभाजन गरी जारी तथा चुक्ता पूँजी कायम गरिने छ ।)

निर्णयः- बिशेष प्रस्ताव नं ५ उपर छलफल गरी संचालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको ११.७०%बोनस शेयर र तत्पश्चात जारी गरिने १:१ (एक अनुपात एक) हकप्रद शेयर पश्चात कायम हुने जारी पूँजी र चुक्ता पूँजी अनुसार विकास बैंकको प्रवन्ध पत्रमा तपशिलमा उल्लेखित तीनमहले अनुसार संसोधन गर्ने सम्वन्धी प्रस्ताव पारित गर्ने निर्णय सर्वसम्मतीबाट गरियो ।

ग) विविध ।

उल्लेखित पारित नियमावलीमा संशोधन अभिलेख गराउने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालयवाट र नेपाल राष्ट्र बैंकवाट कुनै थपघट हुने भएमा सञ्चालक समितिमा छलफल गरी थपघट गर्ने गरी सञ्चालक समितिलाई अधिकार प्रत्यायोजन गर्ने ।

निर्णयः उल्लेखित पारित प्रवन्धपत्र, नियमावलीमा संशोधन अभिलेख गराउने क्रममा कम्पनी रजिष्ट्रारको कार्यालयवाट र नेपाल राष्ट्र बैंकवाट कुनै थपघट हुने भएमा सञ्चालक समितिमा छलफल गरी थपघट गर्ने गरी सञ्चालक समितिलाई अधिकार दिने निर्णय समेत गरियो ।

सो देखि बाहेक विविध शीर्षक अन्तर्गत छलफलका कुनै विषय नभएको जानकारी गराइयो ।

तपशिल

प्रवन्धपत्र संशोधनः

प्रवन्धपत्रको दफा ६ को (ख), र (ग), मा संसोधन प्रस्तावको तीन महले :

| साविक व्यवस्था र दफा | हाल गर्नु पर्ने संशोधन र दफा | संशोधन गर्नु पर्ने कारण |
|---|---|---|
| ६.(ख) विकास बैंकको जारी पूँजी रु.९८,७०,२६,३४०।–(अन्ठानब्बे करोड सत्तरी लाख छब्बिस हजार तीन सय चालिस रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका ९८,७०,२६३.४ (अन्ठानब्बे लाख सत्तरी हजार दुई सय त्रिसठ्ठी दशमलव चार) थान साधारण शेयरमा विभाजन गरिएको छ । | ६. (ख) विकास बैंकको जारी पूँजी रु. २,२०,९६,५३,६००।-(दुई अर्ब बीस करोड छयानब्बे लाख त्रिपन्न हजार छ सय रुपैयाँ मात्र) हुनेछ । सो पूँजीलाई प्रतिशेयर रु. १००।- दरका २,२०,९६,५३६ (दुई करोड बीस लाख छयानब्बे हजार पाँच सय छत्तिस) थान साधारण शेयरमा विभाजन गरिएको छ । | ज्योति विकास बैंक लि. चुक्ता पूँजी रु.९८,७०,२६,३४०।–(अन्ठानब्बे करोड सत्तरी लाख छब्बिस हजार तीन सय चालिस रुपैयाँ मात्र) मा ११.७० प्रतिशतका दरले बोनस शेयर जारी गर्दा रु. ११,५४,८२,०८२ ( एघार करोड चौवन्न लाख बयासी हजार बयासी रुपैयाँ) थप हुनेमा भिन्न अंक (Fraction) लाई रकम थप गराई हुन आउने एक कित्तामा परिणत गरी समायोजन गर्दा हुन आउने रकम रु. २३,१८,३७८।- जोड्दा रु. १,१०,४८,२६,८००।- (एक अर्ब दश करोड अठ्चालिस लाख छब्बिस हजार आठ सय रुपैयाँ मात्र) भए पश्चात १ : १ (एक अनुपात एक) का दरले हकप्रद शेयर जारी गर्दा रु. २,२०,९६,५३,६००।-(दुई अर्ब बीस करोड छयानब्बे लाख त्रिपन्न हजार छ सय रुपैयाँ मात्र) हुने रकमलाई विकास बैंकको जारी |

| | | |
|---|---|---|
| | | पूँजी कायम गरिएको । |
| (ग) विकास बैंकको चुक्ता पूँजी रु..९२,३४,७६,३४०।–(बयानब्बे करोड चौंतिस लाख छयहत्तर हजार तीन सय चालिस रुपैयाँ मात्र) हुनेछ | (ग) विकास बैंकको चुक्ता पूँजी रु. २,२०,९६,५३,६००।-(दुई अर्ब बीस करोड छयानब्बे लाख त्रिपन्न हजार छ सय रुपैयाँ मात्र) हुनेछ । | तत्काल कायम चुक्ता पूँजीमा ११.७० प्रतिशत बोनस शेयर जारी गर्दा हुन आउने भिन्न अंक (Fraction) लाई रकम थप गराई हुन आउने एक कित्तामा परिणत गरी समायोजित रकममा १ : १ (एक अनुपात एक) का दरले हकप्रद शेयर जारी गर्दा हुने रकमलाई विकास बैंकको चुक्ता पुंजी कायम गरिएकोले । |

१०. धन्यवाद ज्ञापन तथा सभा बिसर्जनः-

छलफलका विषय तथा प्रस्तावहरु पारित तथा अनुमोदन भएको घोषणा अध्यक्षज्युले गर्दै सभामा उपस्थित शेयरधनी महानुभावहरु, सम्वन्धित निकायका प्रतिनिधिहरु, पत्रकारहरु, विकास बैंकका कर्मचारी, नवनियुक्त संचालकहरु एवं यो साधारणसभा सफल गराउन आफ्नो अमूल्य समय दिई सहयोग गर्नु हुने सवैलाई धन्यवाद दिदै नवौं बार्षिक साधारण सभा समापन भएको घोषणा गर्नु भयो ।

मितिः २०७३/०९/२८

मदन कुमार महत
कम्पनी सचिव

ध्रुव कोइराला
अध्यक्ष